# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
बेलौरी, कञ्चनपुर ।
सुदुरपश्चिम प्रदेश, नेपाल ।


पत्र संख्या:०८०।०८१

च.नं. :

मिति: २०८०।०४।०२

**सूचना । सूचना ।। सूचना ।।।**

नेपालमा हाल माहामारीको रूपमा देखा परेको लम्पी स्कीन रोग बाट कयौं को संख्यामा पशुधनको मृत्यु भई क्षती भईसकेको सर्बविधितै छ । यो रोग भाईरस बाट लाग्ने तथा साना किरा, भुसुना तथा लामखुट्टेको टोकाईबाट सर्ने भएकोले प्रभावकारी उपचार भने सम्भव छैन तर लक्षणको आधारमा समयमै उपचार गर्दा मृत्युबाट जोगाउन सकिन्छ । बेलौरी नगरपालिका नगर क्षेत्र भित्र रहेका सम्पुर्ण पशुपालक कृषकहरूले आ–आफ्नो घरमा रहेको संक्रमित पशुहरूलाई समयमै उपचार गरि रोगबाट हुने क्षती कमगर्नहुन अनुरोध छ । साथै यस रोगको उपचारका लागि निशुल्क केहि औषधि बेलौरी नगरपालिका पशु सेवा शाखामा उपलब्ध रहेको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ। अगामी आ.ब.२०८०।०८१ को कार्यक्रममा लम्पी स्कीन रोग न्युनिकरण गर्न खोप कार्यक्रम तथा उपचार सेवा सञ्चालन सम्बन्धि कार्यक्रम योजना तर्जुमा गर्नुपर्ने भएकोले यथासिघ्र सम्पुर्ण पशुपालक कृषकहरू तथा सरोकारवाला सबैले आ–आफ्नो घरमा पालेका सम्पुर्ण पशुहरू तथा टोलमा रहेका छाडा पशुहरूको तथ्याङ्क तथा रोग बाट संक्रमित पशुहरूको विवरण बेलौरी न.पा.पशु सेवा शाखा बेलौरी तथा सम्बन्धित वडा कार्यालयमा अध्यावधिक गराई सहयोग गरिदिनहुन सरोकारवाला सम्पुर्णमा हार्दिक अनुरोध छ ।

तारा दत्त अवस्थी
प्रमुख प्रशासकिय अधिकृत

तारादत्त अवस्थी
प्रमुख प्रशासकीय अधिकृत


फो.नं.०९९ ५८००१६

Email-pasusewa16@gmail.com

# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
बेलौरी, कञ्चनपुर ।
सुदुरपश्चिम प्रदेश नेपाल ।


पत्र संख्या:०८०।०८१ मिति: २०८०।०४।०२
च.नं. :

सूचना । सूचना ।। सूचना ।।।

नेपालमा हाल बार्षिक रूपमा रेविज रोग बाट कयौं पशुपन्छी तथा मानिसहरू रेविज रोगका कारण अकालमै मृत्यु हुने दर बढ्दै गईरहेको सर्बविधितै छ । उक्त मृत्युदरलाई कम गर्न बेलौरी नगरपालिका नगर क्षेत्र भित्र रहेका सम्पुर्ण कुकुरपालक कृषकहरूले आ–आफ्नो घरमा रहेको कुकुरहरूलाई रेविज खोप लगाई रेविज रोग मुक्त पार्न अनुरोध छ । साथै ई.स. २०३० सम्म देशलाई रेविज मुक्त देश बनाउने लक्ष्य अनुरूप सञ्चालन गरेको देश व्यापी अभियानलाई सफल पार्न बेलौरी नगरपालिका पशु सेवा शाखाले कुकुर दर्ता गरि कुकुरहरूलाई रेविज खोप सुनिश्चत गर्न र भाले तथा पोथी कुकुरलाई बन्ध्याकरण गरि अनाबश्यक कुकुरहरूको संख्या वृद्धि घटाउने सम्बन्धि कार्यक्रम सञ्चालनका लागि योजना तर्जुमा गर्नुपर्ने भएकोले यथासिघ्र सम्पुर्ण कुकुरधनी कृषकहरू तथा सरोकारवाला सबैले आ–आफ्नो घरमा पालेका कुकुरहरू तथा टोलमा रहेका छाडा कुकुरहरूको तथ्याङ्क बेलौरी न.पा.पशु सेवा शाखा बेलौरी तथा सम्बन्धित वडा कार्यालयमा अध्यावधिक गराई सहयोग गरिदिनहुन सम्पुर्णमा हार्दिक अनुरोध छ ।

तारा दत्त अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

तारादत्त अवस्थी
प्रमुख प्रशासकीय अधिकृत


फो.नं.०९९ ५८००१६ Email-pasusewa16@gmail.com

# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
बेलौरी, कञ्चनपुर ।
सुदुरपश्चिम प्रदेश, नेपाल ।

पत्र संख्या:०८०।०८१
च.नं. :

मिति: २०८०।०४।०२

सूचना। सूचना।। सूचना ।।।

उपरोक्त सम्बन्धमा बेलौरी नगरपालिका पशु सेवा शाखाको बार्षिक नियमित कार्यक्रम अर्न्तगत यस नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका ईच्छुक नगर क्षेत्रभित्रका पशुपन्छी, मत्स्य पालन,डेरी पसल तथा मासु पसल फर्म ,समूह तथा समितिहरुले आ.ब. २०८०।०८१ का लागि नविकरण गर्न तपशिलका कागजातहरु संलग्न राखि मिति २०८० कार्तिक मसान्त भित्र अनिवार्य नविकरण गरिसक्नुपर्ने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ ।

तारा दत्त अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

तारादत्त अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

**व्यक्तिगत फर्म नविकरणका लागि:**

१. फर्म नविकरण गरिपाउँ भनि निवेदन ।
२. बेलौरी पशु सेवा शाखा कार्यालयमा दर्ता गरेको सक्कलै प्रमाणपत्र तथा प्रतिलिपी ।
३. फर्मको बार्षिक उत्पादन तथा अनुदान सम्बन्धि विवरण फारम ।
४. बेलौरी नगरपालिका राजश्व शाखामा गई व्यवसाय नविकरण दस्तुर बुझाएको रसिदको प्रतिलिपी ।

**समूह / समिति नविकरणका लागि:**

१. समूह / समिति नविकरण गरिपाउँ भनि निवेदन ।
२. समूह / समितिको बार्षिक प्रगति तथा अनुदान सम्बन्धि विवरण फारम ।
३. समूह / समितिको बेलौरी पशु सेवा शाखा कार्यालयमा दर्ता गरेको सक्कलै प्रमाणपत्र तथा प्रतिलिपी ।
४. समूह / समितिको नविकरण विवरण फारम ।
५. समूह / समितिका अध्यक्षको पासपोर्ट साईजको फोटो १ प्रति ।
६. समूह / समिति नविकरण गर्ने भनि गरिएको बैठकको निर्णयको प्रतिलिपी ।
७. समूह / समितिको सदस्यको विवरण फारम ।
८. बेलौरी नगरपालिका राजश्व शाखामा गई समूह / समिति नविकरण दस्तुर बुझाएको रसिदको प्रतिलिपी ।

फो.नं.०९९ ५८००१६ Email-pasusewa16@gmail.com

# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पशु सेवा शाखा
बेलौरी, कञ्चनपुर ।
सुदुरपश्चिम प्रदेश नेपाल ।


पत्र संख्या:०८०।०८१ मिति: २०८०।०४।०२

च.नं. :

सूचना। सूचना॥ सूचना ॥।

उपरोक्त सम्बन्धमा बेलौरी नगरपालिका पशु सेवा शाखाको बार्षिक नियमित कार्यक्रम अर्न्तगत यस नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका ईच्छुक नगर क्षेत्रभित्रका पशुपन्छी, मत्स्य पालन,डेरी पसल तथा मासु पसल फर्म ,समूह तथा समितिहरुले आ.ब. २०८०।०८१ मा दर्ताका लागि तपशिलका कागजातहरु संलग्न राखि मिति २०८० कार्तिक मसान्त भित्र दर्ता गरिसक्नुपर्ने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ ।

तारा दत्त अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

**व्यक्तिगत फर्म दर्ताका लागि:**

१. फर्म दर्ता गरिपाउँ भनि निवेदन ।
२. जग्गाधनी लालपुर्जाको प्रतिलिपी ।
३. सधियार सर्जमिन मुचुल्का ।
४. जग्गा भाडामा तथा अर्काको नाममा भए नाता प्रमाणित तथा मन्जुरीनामा सम्झौता पत्र ।
५. वडा कार्यालयको सिफारिस पत्र ।
७. सञ्चालकको नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी ।
८. आन्तरिक राजस्व कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरेको भए प्रमाणपत्रको प्रतिलिपी ।
९. पासपोर्ट पाईजको फोटो २ प्रति ।
१०. बेलौरी नगरपालिका राजश्व शाखामा गई व्यवसाय दर्ता दस्तुर बुझाएको रसिदको प्रतिलिपी ।

**समूह /समिति दर्ताका लागि:**

१. समूह /समिति दर्ता गरिपाउँ भनि निवेदन ।
२. वडा कार्यालयको सिफारिस पत्र ।
३. समूह /समितिका कार्यसमिति तथा सम्पुर्ण सदस्यहरुको नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. समूह /समितिको विधान २ प्रति ।
५. समूह /समितिका अध्यक्षको पासपोर्ट साईजको फोटो १ प्रति ।
६. समूह /समिति दर्ता गर्ने भनि गरिएको बैठकको निर्णयको प्रतिलिपी ।
७. समूह /समितिको विवरण फारम ।
८. बेलौरी नगरपालिका राजश्व शाखामा गई समूह /समिति दर्ता दस्तुर बुझाएको रसिदको प्रतिलिपी ।


फो.नं.०९९ ५८००१६ Email-pasusewa16@gmail.com